# <u>दलित सशक्तिकरण ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक</u>

दलित सशक्तिकरण ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम,प्रारम्भ र विस्तार:</u> (१) यस ऐनको नाम "दलित सशक्तिकरण (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>दलित सशक्तिकरण ऐन, २०७८ को दफा २ मा संशोधन:</u> दलित सशक्तिकरण ऐन, २०७८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "विकास समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने प्रादेशिक दलित विकास समिति सम्झनु पर्छ।"

(२) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छः-

"(ठ) "निर्देशक समिति" भन्नाले दफा ३ बमोजिमको प्रादेशिक निर्देशक समिति सम्झनु पर्छ।"

३. <u>मूल ऐनको परिच्छेद-२ मा संशोधन:</u> मूल ऐनको परिच्छेद-२ को परिच्छेद शीर्षकको सट्टा "प्रादेशिक निर्देशक समिति र स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समिति सम्बन्धी व्यवस्था" भन्ने परिच्छेद शीर्षक राखिएको छ ।

४. <u>मूल ऐनको दफा ३ मा संशोधन:</u> मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **<u>प्रादेशिक निर्देशक समिति:</u>** (१) जातीय विभेद तथा छुवाछुत र दलित सशक्तिकरण सम्बन्धी विद्यमान नीति तथा कानूनको कार्यान्वयनको अवस्था अध्ययन गरी आवश्यक सुझाव तथा निर्देशन दिनका लागि प्रदेशस्तरमा देहायबमोजिमको एक प्रादेशिक निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | - अध्यक्ष |
| (ख) प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलित समुदायका प्रदेश सभा सदस्यहरु | - सदस्य |
| (ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (घ) सचिव, मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (च) प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश | - सदस्य |
| (छ) प्रमुख, प्रदेश प्रहरी कार्यालय | - सदस्य |
| (ज) उपाध्यक्ष, विकास समिति | - सदस्य |
| (झ) उपन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय | - सदस्य |

(ञ) दलित हक अधिकारका क्षेत्रमा कम्तीमा ३ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना महिला सहित तीनजना - सदस्य

(ट) सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) खण्ड (ञ) बमोजिम मनोनीत सदस्यको पदावधि पाँच बर्षको हुनेछ र निजलाई पुनः मनोनीत गरिने छैन ।

(३) निर्देशक समितिको सचिवालय मन्त्रालयको सम्बन्धित विषय हेर्ने महाशाखामा रहनेछ ।

५. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** दफा ३ बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

(क) विकास समितिको काम कारवाहीका सम्बन्धमा आवश्यक पृष्ठपोषण र निर्देशन दिने,

(ख) जातीय विभेद तथा छुवाछुत सम्बन्धी नीति तथा कानूनको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ग) दलित सशक्तिकरणका लागि आवश्यक पर्ने नीति,कानून तथा कार्यक्रम तर्जुमाका लागि सम्बन्धित निकायलाई सुझाव प्रदान गर्ने,

(घ) दलित हक अधिकार सम्बन्धी विद्यमान कानूनको समिक्षा गरी आवश्यक सुधारका लागि संघ, प्रदेश र स्थानीय तहलाई अनुरोध गर्ने,

(ङ) जातीय छुवाछुत र भेदभाव तथा अपमानजन्य व्यवहारसम्बन्धी घटनाको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि उपसमिति वा कार्यदल गठन गर्ने, र

(च) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

६. <u>मूल ऐनको दफा ५ मा संशोधनः</u> मूल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) स्थानीय कार्यपालिकाले तोकेको फरक फरक दलको प्रतिनिधित्व हुने गरी राजनीतिक दलका प्रतिनिधि तीन जना- सदस्य "

७. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. **<u>प्रादेशिक दलित विकास समितिको गठनः</u>** (१) प्रदेशभित्रका दलित समुदायलाई आर्थिक, राजनीतिक, सामाजिक तथा साँस्कृतिक रुपमा सक्षम बनाउन र दलित समुदायको हक हित सम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा एवं कार्यान्वयन गर्न प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रादेशिक दलित विकास समिति गठन गरिनेछः-

(क) मन्त्री वा राज्यमन्त्री वा सहायक मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(ग) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) उपसचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य

(ङ) उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय - सदस्य

(छ) दलित हक अधिकारको क्षेत्रमा कम्तीमा पाँचबर्ष कार्यगरी विशिष्ट योगदान पुऱ्याएको दलित समुदायको व्यक्ति मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा दुईजना महिला सहित पाँचजना - सदस्य

(ज) विकास समितिको बरिष्ठ अधिकृत - सदस्य सचिव

(२) खण्ड (ख) र (छ) बमोजिम नियुक्त वा मनोनीत हुने उपाध्यक्ष र सदस्यको पदावधि पाँच बर्षको हुनेछ र निजलाई पुनः नियुक्त वा मनोनीत गरिने छैन ।

(३) विकास समितिको कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

(४) विकास समितिको सबै काम कारवाहीका लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि खण्ड (ख) र (छ) बमोजिम नियुक्त वा मनोनीत उपाध्यक्ष वा सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा नियुक्त वा मनोनीत गर्ने निकायले जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ ।

तर त्यसरी पदमुक्त गर्दा सफाईको उचित मौका दिनु पर्नेछ ।

(६) उपाध्यक्षले कार्यकारी अधिकारसहित पूर्णकालीन पदाधिकारीको रुपमा काम गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>मूल ऐनमा दफा ९क, ९ख, ९ग र ९घ थप</u>ः मूल ऐनको दफा ९ पछि देहायको दफा ९क, ९ख, ९ग र ९घ थपिएको छः-

"९क. **<u>उपाध्यक्षको योग्यता</u>ः** देहायको योग्यता पुगेको व्यक्ति प्रादेशिक दलित विकास समितिको उपाध्यक्ष पदका लागि योग्य मानिनेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ग) दलित समुदायको उत्थान, विकास तथा दलित हक अधिकारको क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको दलित समुदायको व्यक्ति,

(घ) तीस बर्ष उमेर पूरा भई पैसठ्ठी बर्ष ननाघेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको,

(च) कालो सूचीमा नपरेको,

(छ) कुनै प्रचलित कानूनले अयोग्य नभएको ।

**९ख.** <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u> उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः-

(क) विकास समितिले दिएको निर्देशन र निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) विकास समितिको दैनिक तथा प्रशासनिक काम, कारबाही गर्ने गराउने,

(ग) समितिको वार्षिक कार्यक्रम तथा बजेट अनुमानको मस्यौदा निर्माणमा सहयोग गर्ने,

(घ) मन्त्रालय र प्रदेशभित्रका स्थानीय तहसँग समन्वय गर्ने,

(ङ) तथ्यांक संकलन र प्रतिवेदन तयार गर्ने गराउने,

(च) वार्षिक योजना तथा कार्ययोजना तयार गर्ने,

(छ) विकास समितिको स्वीकृति लिई समितिको तर्फबाट करार तथा सम्झौता गर्ने,

(ज) स्वदेशी तथा विदेशी संघसंस्थासँग विकास समितिको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क तथा समन्वय गर्ने,

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**९ग. <u>पारिश्रमिक तथा सेवा सुविधा व्यवस्थाः</u>** (१) विकास समितिको उपाध्यक्षको पारिश्रमिक प्रदेश सरकारको दशौं तहको कर्मचारी सरह हुनेछ ।

(२) मनोनीत सदस्यले प्रदेश सरकारको नवौं तहका कर्मचारीले पाउने सरहको नियमानुसारको दैनिक भ्रमण भत्ता र बैठक भत्ता पाउनेछन् ।

**९घ. <u>जनशक्ति तथा बजेट सम्बन्धी व्यवस्थाः</u>** (१) विकास समितिमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिम कर्मचारी रहनेछन्।

(२) कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको संगठन संरचना र दरबन्दी स्वीकृत नभएसम्मका लागि विकास समितिलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ ।

(४) विकास समितिका लागि आवश्यक पर्ने बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ ।"

९. <u>मूल ऐनमा दफा १८क. थपः</u> मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"१८क. **<u>शपथः</u>** विकास समितिका उपाध्यक्ष र मनोनीत सदस्यले अनुसूची बमोजिमको ढाँचामा अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ लिनु पर्नेछ।"

१०. <u>मूल ऐनमा अनुसूची थपः</u> मूल ऐनमा देहायको अनुसूची थपिएको छः-

अनुसूची

(दफा १८क. सँग सम्बन्धित)

<u>पद तथा गोपनीयताको शपथको ढाँचा</u>

म ............................................ नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफदार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दै <u>ईश्वरको, देश र जनताको</u> नाममा शपथ लिन्छु कि, <u>प्रादेशिक दलित विकास समितिको</u>,..................................पदको जिम्मेवारी प्रचलित कानूनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीका साथ वहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्था मा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

**<u>शपथ ग्रहण गर्नेकोः</u>**

नामः

पदः

दस्तखतः

मिति

**<u>शपथ ग्रहण गराउनेकोः</u>**

नामः

पदः

दस्तखतः

मिति